*"व्यवसायीक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार"*

# भगवतीमाई गाउँपालिका गाउँ सभाका उपाध्यक्ष श्री मिना कुमारी खड्का ज्यूले प्रस्तुत गर्नु भएको

# भगवतीमाई गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम

भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बेस्तडा, दैलेख

कर्णाली प्रदेश, नेपाल

# भगवतीमाई गाउँपालिकाको आ ब २०८०/०८१ को बजेट बक्तब्य

## सभाध्यक्ष मोहदय,

१. बहुलबादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मावन अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको " समृद्ध नेपाल, सुखी नेपाली " को राष्ट्रिय काङ्क्षा र कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** भन्ने दिर्घकालिन सोचलाई आत्मसात गर्दै भगवतीमाई गाउपालिकाले लिएको " व्यवसायीक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँ पालिकाको आधार " भन्ने दीर्घकालीन सोच पुरा गर्न दृढ विस्वासका साथ म आर्थिक वर्ष २०८०/०८१ को आय व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस शुभ अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न, नेपालको राष्ट्रियता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद र अग्रज प्रति उच्च सम्मान व्यक्त गर्दै गाउँपालिकाको सम्मुनती र विकासको लागि विगत र वर्तमानमा योगदान पर्याउनुहुने सम्पूर्ण अग्रज एवंम बुद्धीजिवीहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

३. देशमा संघीय लोकतन्तान्त्रिक गणतन्त्र स्थापना भएपछि दोस्रो पटक निर्वाचित जनप्रतिनिधीहरुको दोस्रो कार्यकाल सुरु भएको छ। चालु बर्षको अनुभवहरुको समिक्षा गर्दै जनताका माझ स्थानीय सरकारको उपस्थितिले दिगो शान्ति, स्थायीत्व, विकास समृद्धि र सामाजिक न्याय तर्फ अगाडी बढ्दै जनताका आकांक्षा जागृत भई सामाजिक न्याय सहितको बहुआयमिक एवंम तिव्र विकास गरि **"व्यवसायीक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार"** भन्ने दिर्घकालिन सोच पुरा गर्न क्रियाशिल रहेको छ ।

४. गाउँपालिका सञ्चालनमा विभिन्न किसिमका चुनौतीहरुबिच पनि यस पालिकाको विकासको आशा अपेक्षामा तिव्र वृद्धि भएकोले सहि नीति, सक्षम नेतृत्व, दृढ आत्मविश्वास र समर्पणका साथ अगाडी बढ्दा सकारात्मक विकासको अभियानलाई तिव्रता दिन सकिन्छ भन्ने सन्देश दिन सफल भएका छौ ।

## सभाध्यक्ष मोहदय,

५. **यस बजेटको सोचः " व्यवसायीक कृषि, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार " रहेको छ ।**

६. **यस बजेटको लक्ष्यः** योजना वद्ध र दिगो विकास गर्दै गाउँपालिकाको आर्थिक, सामाजिक, रुपान्तरण सहितको स्वास्थ्य, सभ्य र सु-संस्कृत समाजको निर्माण गर्ने रहेको छ ।

## ७. बजेटका उदेश्यहरुः

क. कृषि क्षेत्रलाई जलवायुमैत्री, आधुनिकिकरण, विविधिकरण, व्यवसायीकरण गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बाँझो जग्गाको प्रयोग गर्दै बेरोजगार युवालाई कृषि पेशामा आकर्षित गर्ने,

ख. श्रम रोजगार बैंक लगायत अन्य रोजगार मूलक कार्यक्रम मार्फत रोजगारिका अवसरहरु सिर्जना गर्ने,

ग. गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा लाई चुस्तदुरुस्त बनाउन दक्षजनशक्ति र उपलब्ध स्रोत साधनको समुचित प्रयोग गरि सुशासनको प्रत्याभूति गराउने,

घ. स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाउने कर प्रणालीमा सुधार गर्ने,

ङ. जलवायुमैत्री, बालमैत्री, वातावरणमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याउने,

च. ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, संवद्धन र विकासमा जोड दिने,

छ. यस गाँउपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि लगानी मैत्री वातावरण सिर्जना गरि साझेदार संस्था, निजि क्षेत्रको मनोवल उच्च पार्ने र आय आर्जनका अवसरहरु सिर्जना गरि गरिबि न्यूनीकरण गर्ने ,

ज। शिक्षाको गुणस्तर सुधार  गरी पालिकालाई शैक्षिक क्षेत्रमा अभिवृद्धी गर्ने ।

## ८. उपरोक्त उदेश्यहरु पुरा गर्न आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकतारु निम्नानुसार रहेका छन् ।

१. कृषि क्षेत्रलाई जलवायुमैत्री व्यवसायिकरण, आधुनिकिकरण, विविधिकरण, बजारिकरण,

२. श्रम रोजगार बैंक, प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार,  तथा अन्य रोजगारमूलक योजना सिर्जना गरि बेरोजगारी न्यूनीकरण,

३. संस्थागत सुशासन र सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन गाउँकार्यपालिकाको पालिका कार्यालय तथा मातहतका विभिन्न कार्यलयहरुको व्यवस्थापन,

४. वित्तीय क्षेत्र सुधारको लागि आन्तरिक आम्दानी संकलन तथा परिचालन,

५. जलवायुमैत्री, बालमैत्री, वातावरणमैत्री स्थानीय शासन पद्धती कार्यान्वयन,

६ ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, संवद्धन र विकास,

७. गुणस्तरिय र दिगो भौतिक पूवाधार निर्माण,

८. लगानी पर्वद्धन, औधोगिक तथा  निजिक्षेत्रको विकास तथा व्यपारमा सन्तुलन,

९. गुणस्तरिय तथा व्यवसायीक शिक्षा ।

## ९. बजेट तर्जुमाका आधारः

१. नेपालको संविधान, २०७२

२. दिगो विकासका लक्षहरु,

३.  स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४. नेपाल सरकारको १५ औं योजना, कर्णाली प्रदेशको आवधिक योजना,

५. नेपाल सरकार प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट
६. भगवतीमाई गाउँपालिकाको आवधिक योजना
७. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
८. गाउँपालिकाका पदाधिकारी ज्यूहरु, राजनीतिक दल, विषयगत शाखा, नीजि क्षेत्र, विभिन्न सञ्चालहरु, शिक्षक बुद्धिजिवी उद्योगि व्यवसायी र नागरिक समाजबाट प्राप्त राय सुझावहरु समेटी कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

## १०. बजेटका समग्र नीतिः

१. कृषि क्षेत्रलाई जलवायुमैत्री व्यवसायीकरण, आधुनिकिकरण, विविधिकरण, गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बाँझो जग्गाको प्रयोग गर्दै कृषि पेशामा आकर्षित गर्ने खालका व्यवसायहरुको पुनरुत्थान गरिने छ ।
२. श्रम रोजगार बैंक, प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार, तथा अन्य रोजगारमूलक योजना सिर्जना गरि बेरोजगारी न्यूनीकरण गर्न युवा जनसक्ती विदेशिनबाट रोग लगाउ सकिने खालका योजनाहरुमा लगानी गरिने छ ।
३. गाउँपालिकाको संस्थागत सुशासन र सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउन गाउँ कार्यापालिकाको कार्यालय तथा वडा कार्यालयहरुको व्यवस्थापन मिलाई सुशासनको प्रत्याभूत गराइने छ ।
४. स्थानीय तहको अधिकार क्षेत्रभित्र गाउँपालिकाले लगाउन र उठाउन पाउने कर, गैरकर तथा राजश्वका स्रोतहरुको पहिचान गर्दै उपलब्ध स्रोत साधनहरुको अधिकतम प्रयोग गरी करको दर र दायरा वृद्धि गर्न सुत्र प्रणालीको अवलम्बन गरिने छ ।
५. जलवायुमैत्री, बालमैत्री, वातावरणमैत्री स्थानीय शासन पद्धती कार्यान्वयन गरिने छ ।
६. ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, संवद्धन र विकास गरिने छ ।
७. गाँउपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि आवधिक योजना, मध्यकालिन खर्च संरचनाको कार्यान्वयन, क्षेत्रगत गुरुयोजना निर्माण गरि योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैरसरकारी, साझेदार संस्था, निजि क्षेत्र तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।
८. गाउँपालिकाका पूर्वाधारहरुमा स्रोत परिचालन गर्न नगरविकास कोषमा गाउँपालिकाको सियर स्वामित्व आवश्यक प्रबन्ध मिलाईने छ ।

**सभाध्यक्ष महोदय,**

## ११. आ.ब २०८०/०८१ को विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

आगामी आ.व. २०८०/०८१ को लागि देहाय बमोजिम आय तथा व्यय अनुमान गरेको छु

| क.सं. | शिर्षक | अनुमान | कैफियत |
|---|---|---|---|
| क. | आय | | |
| १ | राजस्व | ९११११०००.०० | |
| १.१ | आन्तरिक श्रोत | ३९६५०००.०० | |
| १.२ | राजस्व बाँडफाँड | ८७१४६०००.०० | |
| १.२.१ | नेपाल सरकार | ८५९५७५००.०० | |
| १.२.२ | प्रदेश सरकार | ८४९०००.०० | |
| १.२.३ | स्थानीय | ३४००००.०० | |
| १.२.४ | अन्य राजस्व | ४०००००.०० | |
| २ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३६७७७१०००००.०० | |
| २.१ | संघीय सरकार | ३२०३०००००.०० | |
| २.१.१ | समानीकरण अनुदान | ८३२००००००.०० | |
| २.१.२ | सशर्त अनुदान | २२३६०००००.०० | |
| २.१.३ | विशेष अनुदान | ६००००००.०० | |
| २.१.४ | समपुरक अनुदान | ७५०००००.०० | |
| २.२ | प्रदेश सरकार | ४७४७१०००.०० | |
| २.२.१ | समानीकरण अनुदान | ८७९६०००.०० | |
| २.२.२ | सशर्त अनुदान | १२६७५०००.०० | |
| २.२.३ | विशेष अनुदान | ६००००००.०० | |
| २.२.४ | समपुरक अनुदान | २००००००००.०० | |
| ख. | व्यय अनुमान | ४६२८८२५००.०० | |
| १ | चालु | ३२३६६००००.०० | |
| २ | पूँजीगत | १३९२२२०००.०० | |
| ग. | बजेट बचत +/न्यून - | ४००००००.०० | |
| घ. | गत वर्षको नगद मौज्दात | ४००००००.०० | |

१. कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित अनुदान उपलब्ध गराउदै बाख्रापालन, भैसीपालन, गाईपालन, मौरीपालन, बंगुर र पशु पन्छी पालन लगाएत विभिन्न पटेक कार्यक्रमहरु संचालन तथा पशु, पन्छी र कृषि सेवा प्रदानको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२. जलवायुमैत्री कृषि कार्यक्रमहरु सञ्चालन तथा जलवायुमैत्री कृषक सिकाई केन्द्र स्थापना गरि आधुनिक र बेमौसमि कृषि खेतीको साथै रैथाने बालि संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार, गाउँपालिकाको श्रमरोजगार बैंक कार्यक्रमलाई निरन्तरता दिँदै रोजगार मुलक योजना तथा कार्यक्रम कार्यान्वयन मार्फत यूवाहरुको विदेश पलायन हुने दर घटाउनको लागि रोजगारमूलक काम गर्न आवश्यक रकम रू (१ करोड ५ लाख) विनियाजन गरिएको छु

४. गाउँपालिका क्षेत्र भित्र उद्यम गरिरहेका स्थानीय उद्यमीहरुको सीप उपयोग र स्तर वृद्धि र लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्नको लागि नेपाल सरकार र गाउँपालिकाको साझेदारीमा रु. १३ लाख छुट्याएको छु ।

५.समृद्धिको लागि सहकारीहरुलाई कृषि, आयआर्जन र रोजगारि सिर्जना गराइ आर्थिक विकास संग जोड्नको तथा सहकारीहरुको अनुगमन, मूल्याङ्कन र नियमन गर्नको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

६. यस गाउँपालिकाको पर्यटन प्रर्वद्धन गरि स्थानीय जनताको जिवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, सम्वर्द्धन र विस्तारमा आवश्यक रकम विनियोजन गरेको छु ।

७. **"बर्तमान समाजको आवश्यकता, गुणस्तरिय शिक्षाको सुनिश्चितता"** भन्ने नारालाई अवलम्बन गरी जीवन उपयोगी, व्यवसायीक एंव प्रविधी युक्त शिक्षाको विकासको लागि शैक्षिक गुणस्तर सुधार गर्न, कक्षा १ को भर्ना दर लाई बढाउन **"ल्याउने, सिकाउने र टिकाउने"** अन्य प्रविधिक धारमा अध्यनरत विद्यार्थीहरुलाई **"सिक्दै कमाउँदै"** जस्ता कार्यक्रमहरुलाई आत्मसात गरी, आधुनिक प्रविधि युक्त शिक्षण विधि र परिक्षण, स्थानीय पाठ्यक्रमको कार्यान्वयन, पढाई बिचैमा छोड्ने विद्यार्थीहरुको दरलाई न्यून गर्न बालमैत्री शिक्षण पद्धतीलाई अवलम्बन गर्न र शिक्षक तथा कर्मचारीहरुलाई आवश्यक तालिम दिइ शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा क्षेत्रमा १७ करोड ३२ लाख १४ हजार रकम विनियोजन गरेको छु ।

८. "स्वस्थताको लहर, सभ्य गाउँपालिकाको रहर" भन्ने मर्मलाई ध्यान दिई गाउँपालिकाका सबै नागरिकहरुलाई स्वास्थ्य सेवाको पँहुचमा पूर्याउन, कुपोषणबाट बचाउन, पालिकाका विभिन्न स्थानहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गर्न, स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न, शारिरीक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वस्थ रहि उत्पादनशील र गुणस्तरिय जीवनयापन गर्न, स्वास्थ्य सेवालाई सुलभ, कम खर्चिलो र गुणस्तरिय बनाउन आवश्यक रकम विनियोजन गरेको छु ।

९. भगवतीमाई आधारभूत अस्पतालको गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न र अस्पताल सञ्चालन तथा व्यवस्थानको लागि रु ७२ लाख विनियोजन गरेको छु ।

१०. प्राकृतिक चिकित्सा पद्धतिबाट हुने उपचारका लागि नागरिक आरोग्य सेवा केन्द्रलाई निशुल्क औषधी वितरणका लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

११. महिला स्वास्थ्य स्वयंम सेविकाहरुको मनोवल उच्च गर्न प्रोत्साहान रकमको व्यस्था गरिएको छ ।

१२. यस भगवतीमाई गाउँपालिकामा एक घर एक धारा नीति मार्फत स्वच्छ खानेपानी तथा पुर्ण सरसफाई कार्यक्रमलाई निरन्ततरता दिदै यस गाउँपालिकाको वडा नं ३, ४ र ७ मा तीनवटा खानेपानी तथा सरसफाइ आयोजनाको लागि नेपाल सरकार विशेष अनुदान र पालिकाको समेत गरि रु १ करोड २१ लाख रकम विनियोजन गरिएको छ ।

१३. सबैका लागि दिगो खानेपानी तथा सरसफाई परियोजना, नेपाल रेडक्रस सोसाइटी र गाउँपालिकाको लागत साझेदारीमा खानेपानी योजना निर्माण तथा मर्मत सम्भारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४. परमपरागत लोक कला संस्कृति, जात्रा, मेला, पर्वको संरक्षण, सम्वर्द्धन र विकास गर्नको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

१५. सामाजिक न्याय, सामाजिक समानता र समता, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट सामाजिक र आर्थिक रुपमा पछाडी परेका वर्ग, समुदाय र जातिको उत्थान, अनाथ र असाहय बालबालिकाहरुको लागि "बाल उद्दार कोष" लाई प्रभावकारी रुपमा कार्यान्वयन, महिला, बालबलिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एंव लैंगिक तथा यौनिक अल्पसंख्यकका हित संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश सरकार र सङ्घीय सरकार संग समन्वय र सहकार्य, सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउनको लागि सम्पूर्ण वडा कार्यालयहरुबाट, सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र सहज बनाउन रकम विनियोजन गरिएको छ ।

१६. ६० वर्ष देखि ६८ वर्ष मुनिका एकल विदुर पुरुष ( अन्य कुनै प्रकारको सुविधा प्राप्त नगरेका) लाई मासिक रुपमा प्रदान गरिदैं आयको भत्तालाई निरन्तरता दिंदै ५० देखि ६० बर्ष उमेर समुहका एकल महिलालाई जिवन निर्वाह भत्ता उपलब्ध गराउनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

१७. जातिय विभेद तथा छुवाछुत अन्त्यको लागि जनचेतनामुलक अभियान सञ्चालन, विभिन्न आयमुलक र सिपमुलक कार्यक्रमहरु सञ्चालन गर्न र बालबिवाहको न्युनिकरणका साथै बालश्रम मुक्त पालिका घोषण गर्ने अभियान सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

१८. भगवतीमाई मिनि स्टेडियमको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइ, थप पूर्वाधार निर्माण गर्न रकम विनियोजन गरिएकोछ । एक वडा एक खेल मैदान निर्माणको लागि कर्णाली प्रदेश सरकार र नेपाल सरकारसंग विशेष पहल गर्नुको साथै गाँउपालिका भित्र रहेका युवा क्लवहरुलाई सक्रिय बनाइ सामाजिक रुपान्तरण र खेल विकासका लागि क्रियाशिल गराउन आवश्यक रकम विनियोजन गरिएकोछ ।

१९. गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको चक्रपथ निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखि रु १ करोड ७५ लाख बजेट विनियोजन गरिएको छु र नाउलि काल्ना ढकार सडकको लागि रु १ करोड ७५ लाख विनियोजन गरियको छ।

२०. गाउँपालिका केन्द्र देखि वडा केन्द्र सम्म जोड्ने सडक बाह्रै महिना यातायात सञ्चालन हुने गरी स्तरोन्नती गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

२१. यस भगवतीमाई गाउँपालिका भित्र निर्माण गर्न बाँकी झोलुङ्गे पुल निर्माण गर्न टि.बि.एस.यु सँग साझेदारी गर्नको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२२. भवन निर्माण गर्न बाँकी रहेका २, ३ र ७ नं. वडा कार्यालयहरुको भवनहरु निर्माणको लागि रु २ करोड १० लाख विनियोजन गरिएको छ ।

२३. स्वास्थ्य संस्था तर्फ कट्टी स्वास्थ्य चौकीको भवन निर्माण गर्नको लागि रु ६० लाख विनियोजन गरिएको छ ।

२४..यस गाउँ पालिकाको कृषि उत्पादन शिलता बढी भएका खेतीयोग्य जमिनहरु मध्ये सिंचाई सुविधा नपुगेका भूमीमा सिंचाई सुविधा विकास र विस्तार गर्न र लिफ्टिङ्ग सिंचाई आयोजना सञ्चालनको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिएको छ।

२५. भगवतीमाई गाउँपालिकामा संचालित योजनाहरुलाई जलवायु अनुकूलन बनाउन, विकास निर्माणका कार्यहरु गर्दा वायो इन्जिनियरिङ्गलाई जोड दिनको लागि जलवायु अनुकूलुनको क्षेत्रमा काम गर्ने साझेदार संस्था र निजि क्षेत्र सँग समन्वय र साझेदारी गर्न आवश्यक रकम व्यवस्था गरिएको छ ।

२६. भगवतीमाई गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, विपद् जन्य घटनाबाट पिडितलाई राहत तथा उद्दार गर्नको लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय र सहकार्य गर्नको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

२७. स्थानीय सरकारबाट निर्माण तथा सञ्चालनमा रहेका सबै प्रकारका आयोजनाहरुको दिर्घकालिन व्यवस्थापन जनस्तरबाटै गर्नको लागि मर्मत सम्भार कोषको लागि  रकम  व्यवस्था गरेको छु ।

२८. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गर्नको लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार र अन्य साझेदार संस्थाहरु संगको समन्वय र सहकार्यमा विभिन्न क्षमता विकास सम्बन्धी तालिम, गोष्ठीको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२९ गाउँपालिकाको साशकीय प्रवन्धको सुद्धढिकरण, प्रशासनिक र वित्तिय प्रणालीलाई मितव्ययी पार्दशि, चुरुस्तदुरुस्त बनाउन, आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी, सेवा प्रवाहलाई प्रविधिमैत्री र सेवाग्राहि मैत्री, गुणस्तरीय, अनुगमन र मूल्याङ्कनलाई मापन योग्य बनाई गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन, वित्तिय सुशासन जोखिम मूल्याङ्कन, कार्यसम्पादन मूल्याङ्कन र आर्थिक विकास मूल्याङ्कनमा गाउँपालिकालाई उत्कृष्ट स्थानीय तहको रुपमा स्थापित गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३०. गाउँपालिकाको संस्थागत विकास, आर्थिक विकास,सामाजिक विकास र भौतिक पूर्वाधारको विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय छिमेकी पालिका, सरकारी तथा गैर सरकारी संघ संस्था र दातृ निकायहरु सँग आवश्यक समन्वय र सहकार्य गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष मोहदय,**

यस भगवतीमाई गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनका सभाध्यक्ष ज्यू, जिल्ला समितिका सदस्य ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी ज्यूका साथै पत्रकार मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दै कार्यक्रम तथा बजेट माथि रचनात्मक सुझावहरु प्राप्तहुने आशा लिएको छु।प्रस्तुत नीति, कार्यक्रम तथा बजेट पारित गर्न सहयोग प्राप्त हुनेछ र पारित पश्चात सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट यहाँहरुको  महत्वपूर्ण सहयोगको अपेक्षा गर्दै सबै प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछु ।

**मिना कुमारी खड्का**
**उपाध्यक्ष**
**भगवतीमाई गाउँपालका, बेस्तडा, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

धन्यवाद

मितिः२०८० असाढ १० गते